मिति-२०७४ जेठ १ गते

# मतगणना स्थलको सङ्ख्या थप्न अनुरोध

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को निर्वाचन पर्यवेक्षण टोलीले जेठ १ गते काठमाडौं महानगरपालिका, ललितपुर महानगगरपालिकाका साथै विभिन्न नगरपालिकाको मतगणनास्थलको अनुगमन गरेको छ । ठूलो सङ्ख्यामा मत खसेको यी महानगरलगायत देशका अन्य जिल्लामा जारी रहेको मतगणना प्रकृया असाध्यै सुस्त रहेको पाइयो । मतगणना प्रकृया यही गतिमा जारी राखिने हो भने सम्पूर्ण मतपरिणाम घोषणा हुन महिनौं लाग्नसक्छ । निर्वाचन सकिएको चौबीस घण्टामा भएको मतगणनाको प्रगतिले यही कुरालाई सङ्केत गर्छ ।

मतगणना छिटो छरितोरुपमा सम्पन्न गर्न वार्डअनुसारका मत बाकसको गणना गर्ने व्यवस्था मिलाउन जरुरी हुन्छ । सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नसक्ने क्षमता राखेको निर्वाचन आयोगले मतगणना प्रकृयालाई पनि सहज बनाउन तथा यथाशक्य छिटो मत परिणाम घोषणा गर्नेतर्फ ध्यान केन्द्रित गर्न अनुरोध छ । साथै मतगणना प्रकृया सहज बनाउन निर्वाचन आयोगसँग सहकार्य गर्न राजनीतिक दलहरुलाई अनुरोध गर्दछौं ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), कलंकी, पोष्ट बक्स नं. २७२६, काठमाडौं नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
email : insec@insec.org.np
Website : www.insec.org.np, www.inseconline.org